# नेपाल सरकार

# शिक्षक सेवा आयोग

## माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको प्रतियोगितात्मक विषयगत परीक्षा -२०८२

**तह : माध्यमिक** — **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** — **उत्तीर्णाङ्क : ४०**

**विषय : कार्यालय सञ्चालन तथा लेखा**

**सबै प्रश्नहरू अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द गरिनेछ ।**

### खण्ड (क)

| | |
|---|---|
| **१)** व्यवस्थापन भन्नाले के बुझिन्छ ? यस विषयलाई कुन शिक्षण विधिबाट शिक्षण गराउँदा उपयुक्त हुन्छ, व्याख्या गर्नुहोस् । कुनै दुईवटा शिक्षण क्रियाकलापहरू उदाहरणसहित प्रस्तुत गर्नुहोस् । | **३+४+३** |
| **२)** वित्तीय लेखाविधि र लागत लेखाविधिबिचको अन्तरसम्बन्धको बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् । लागत लेखाविधि अन्तर्गत "टेण्डर लागत विवरण" पाठ शिक्षण गर्न नमुना पाठयोजना तयार गर्नुहोस् । | **३+७** |
| **३)** जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयको काम, कर्तव्य र अधिकारहरू उल्लेख गर्नुहोस् । सरकारी कार्यालयहरूमा एकल कोष खाता सञ्चालन प्रक्रियाको उदाहरणसहित व्याख्या गर्नुहोस् । केन्द्रीयस्तर र कार्यसञ्चालनस्तरका कार्यालयहरूमा कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) अनुसार लेखा राख्ने सम्बन्धमा केस्तो अन्तरसम्बन्ध रहेको छ ? उल्लेख गर्नुहोस् । | **४+४+२** |
| **४)** नेपालको समग्र आर्थिक विकासमा वाणिज्य बैंकहरूले खेलेको भूमिकाको बारेमा सविस्तार वर्णन गर्नुहोस् । साथै जोखिमरहित ब्याजदर र वास्तविक ब्याजदरको परिचय दिँदै ब्याजदरले आर्थिक कारोबार र आर्थिक विकासमा के कस्ता प्रभावहरू पार्दछ ? उल्लेख गर्नुहोस् । | **६+४** |
| **५)** माध्यमिक तह (कक्षा ९-१०) को कार्यालय सञ्चालन तथा लेखा विषयलाई पाठ्यक्रममा आधारित भई प्रभावकारी ढङ्गले पठनपाठन गराउन कुन कुन शिक्षण विधि उपयुक्त ठान्नुहुन्छ ? सो विधि कार्यान्वयनका लागि उपयुक्त रणनीतिक योजनाको नमुना प्रस्तुत गर्नुहोस् । | **२+८** |

### खण्ड (ख)

| | |
|---|---|
| **६)** लगानी परियोजना तयारी प्रक्रियाका प्रमुख पाँच चरणहरूको व्याख्या गर्दै परियोजनाको उचित तयारी, त्यसको कार्यान्वयन तथा मूल्याङ्कनबाट लगानीकर्तालाई पर्याप्त लाभ तथा अवसरहरू सिर्जना हुन्छ भन्ने कुराको पुष्टि गर्नुहोस् । | **१०** |
| **७)** अप्रत्यक्ष लागतको परिचय दिनुहोस् । अप्रत्यक्ष लागतको कारण व्यवस्थापकीय निर्णयमा पर्ने प्रभावबारे व्याख्या गर्नुहोस् । | **४+६** |
| **८)** मूल कम्पनी र सहायक कम्पनी तथा तिनीहरूको एकीकरणको प्रक्रिया र सम्बन्ध के कस्तो रहन्छ ? उल्लेख गर्नुहोस् । कुनै एउटा संयुक्त पूँजी कम्पनीले अर्को कम्पनीलाई सहायक कम्पनीको रूपमा एकीकरण गर्दा पुरा गर्नुपर्ने विभिन्न चरणहरू उदाहरणसहित उल्लेख गर्नुहोस् । | **३+७** |
| **९)** बजारीकरण मिश्रण भन्नाले के बुझिन्छ ? वस्तु तथा सेवा बजारीकरणका सात मिश्रणहरू के के हुन् यी मिश्रणहरू मध्ये सेवावस्तु बजारीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तीन मिश्रणहरूको व्याख्या गर्नुहोस् । | **२+४+४** |
| **१०)** निर्णय भनेको के हो ? व्यवस्थापन लेखामा निर्णयको महत्व के छ, लेख्नुहोस् । निर्णय प्रक्रियाले व्यवस्थापन लेखामा पार्ने प्रभावबारे व्याख्या गर्नुहोस् । | **४+६** |

***